# कृषि तथा वन विज्ञान विश्वविद्यालय

## उपकुलपतिको कार्यालय

चितवन, नेपाल

**सम्पर्क कार्यालय**
पो.व.नं.: १३७१२
एन. के. सिंह मार्ग - १०९
नयाँ बानेश्वर, काठमाण्डौं ।


मितिः २०७४/०२/०७

## धन्यवाद ज्ञापन

यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको केन्द्रीय प्रशासनिक भवनको मिति २०७४/२/५ गते सम्माननीय प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति श्री पुष्पकमल दाहाल, 'प्रचण्ड'ज्यूवाट समुद्घाटन सम्पन्न भएकोमा विश्वविद्यालय परिवार अत्यन्त खुसी प्रकट गर्दछ ।

कार्यालय भवनको समुद्घाटनमा आफ्नो अत्यन्त व्यस्त समयका बाबजुद हाम्रो अनुरोध एवं आतिथ्यतालाई ग्रहण गरी विश्वविद्यालय परिवारलाई ऊर्जा प्रदान गरिदिनु भएकोमा सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यस्तै आफ्ना विविध कार्यहरु थाती राखी हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यस कार्यक्रममा पाल्नु भएका विशिष्ट अतिथिज्यूहरु एवं अतिथिज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसै अवसरमा विश्वविद्यालयको स्थापना काल देखि नै हरतरहले सहयोग गर्नुहुने स्थानिय व्यक्तित्व, जिल्ला स्थित विभिन्न राजनितिक दल, विद्यार्थी संघ संगठन, सरोकार समिति, पेशागत संघ संगठन, जिल्ला प्रशासन, प्रहरी, सेना लगायतका सुरक्षा निकाय एवं अन्य सरकारी र गैह्र सरकारी संस्थाहरु तथा संचार जगतका मित्रहरु प्रति हृदय देखि नै धन्यवाद ज्ञापन गर्दछु । यस केन्द्रीय कार्यालय भवन निर्माणमा आर्थिक सहयोग प्रदान गर्ने नेपाल सरकार, शिक्षा मन्त्रालय एवं विश्वविद्यालय अनुदान आयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । यस भवन निर्माणमा संलग्न निर्माण व्यवसायी, प्राविधिक एवं अन्य जनशक्तिलाई धन्यवाद दिन चाहन्छु ।

त्यस्तै गरी विभिन्न क्याम्पस/कलेज प्रमुखज्यूहरुका साथै विभिन्न कार्यालय, अस्पताल, संघसंस्थावाट पाल्नु भएका प्रमुखहरु वा प्रतिनिधिहरु समेतको गरिमामय उपस्थितिको निम्ति धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, उद्घाटन कार्य सफल पार्न अहोरात्र खटिनु भएका यस विश्वविद्यालय अन्तर्गत विभिन्न संकायका डीनज्यूहरु, निर्देशकज्यूहरु, अन्य पदाधिकारीहरु सम्पुर्ण शिक्षक, कर्मचारी एवं विद्यार्थीहरु तथा समस्त सुरक्षा निकायलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाँहन्छु ।

प्रा.डा. ईश्वरी प्रसाद ढकाल
उपकुलपति

उप-कुलपति